नेपाल सरकार

अर्थ मन्त्रालय

# नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/११/१२)**

नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात दिन (मिति २०८१/११/१८) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा आवेदन दिनु हुन र आवेदनसाथ गोप्य खामबन्दी व्यावसायिक कार्ययोजना समेत पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक योग्यता तथा अनुभव:**

(क) धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम १६क. बमोजिम देहायको योग्यता भएको:-

(अ) अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन सूचना प्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा सात बर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र बर्षको कार्य अनुभव भएको, "यस नियमको प्रयोजनको लागि उच्च व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृतस्तरको कम्तीमा प्रथम श्रेणी वा सो सरह वा कम्पनी वा संगठित संस्थाको हकमा कार्यकारी प्रमुख वा सो को दुई तह मातहत सम्मको व्यवस्थापकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनुपर्दछ ।"

(आ) नेपालको नागरिक भएको ।

(ख) धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम १७ बमोजिम अयोग्य नभएको,

(ग) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ (ग) बमोजिम तीस वर्ष उमेर पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको,

(घ) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम देहायको अयोग्यता नरहेको:-

(अ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(आ) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(इ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ई) मानसिक सन्तुलन ठीक नभएको ।

**२. आवेदन पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजात:**

(अ) आवेदनसाथ अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित "नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१" को दफा ३ बमोजिमको कागजात तथा विवरणहरू आवेदक स्वयम्ले प्रमाणित गरी २ प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

(आ) आवेदनसाथ "नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१" को दफा ४ बमोजिमको व्यावसायिक कार्ययोजना चार प्रति खामबन्दी गरी पेश गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर आवेदकको नाम र "नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरी दस्तखत गरेको हुनु पर्नेछ ।

**३. दस्तुर:**

आवेदन दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाता: १०००१००२०००१०००० तथा राजस्व शीर्षक: १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबार शाखामा रु. ७,५००।०० (अक्षेरुपी सात हजार पाँच सय रुपैयाँ मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**४. पारिश्रमिक:**

प्रमुख कार्यकारी अधिकृतले पाउने मासिक पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृतिमा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडले तोके बमोजिम हुनेछ ।

**५. अन्य विवरण:**

(अ) आवेदन तथा सिफारिस प्रक्रिया सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित "नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१" मा उपलब्ध रहेको छ ।

(आ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

(इ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ई) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार वा टेलिफोन नं. ४२११३६८ मा सम्पर्क गर्न सकिनेछ ।

## नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१

नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनको लागि अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) बमोजिम यो कार्यविधि बनाइएको छ।

**१. दरखास्त आह्वानः**

नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनको लागि सात दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र अर्थ मन्त्रालयको वेवसाइटमा सूचना प्रकाशन गरी आवेदन माग गरिनेछ।

**२. आवश्यक योग्यता तथा अनुभवः**

२.१ धितोपत्र  बजार संचालन नियमावली, २०६४ को नियम १६क. बमोजिम देहायको योग्यता भएको:-

(क) अर्थशास्त्र वाणिज्यशास्त्र वित्तशास्त्र व्यवस्थापन सूचना प्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्वन्धी कार्यमा कम्तीमा सात बर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र बर्षको कार्य अनुभव भएको,

"यस नियमको प्रयोजनको लागि उच्च व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृतस्तरको कम्तीमा प्रथम श्रेणी वा सो सरह वा कम्पनी वा संगठित सँस्थाको हकमा कार्यकारी प्रमुख वा सो को दुई तह मातहत सम्मको व्यवस्थापकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनुपर्दछ।"

(ख) नेपालको नागरिक भएको।

२.२ धितोपत्र  बजार संचालन नियमावली, २०६४ को नियम १७ बमोजिम अयोग्य नभएको,

२.३ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ (ग) बमोजिम तीस वर्ष उमेर पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको,

२.४ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम देहायको अयोग्यता नरहेकोः-

(क) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ग) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) मानसिक सन्तुलन ठीक नभएको।

## ३. दरखास्तसाथ सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरूः

३.१ शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेद्‌वारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

३.२ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्टयाई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयम्‌ले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

३.३ उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ ।

३.४ यस पदको प्रतिस्पर्धामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

३.५ दरखास्तसाथ निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरण आवेदक स्वयम्‌ले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः-

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) नेपाल स्टक एक्स्चेन्ज लि. को ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको सलग्नता नरहेको वा बोर्डसंग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भए नभएको, र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा भएको,

(छ) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको,

(ज) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

**४. व्यावसायिक कार्ययोजना सम्बन्धी व्यवस्थाः**

४.१ उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) नेप्सेको प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएबमोजिमका काम कर्तव्य र अधिकार समेतका आधारमा देहायका विषयसमेत समावेश गरी नेपाल स्टक एकस्चेन्ज लिमिटेडको नियामकीय र सञ्चालनगत भूमिकाको थप प्रभावकारिताको लागि चालिनु पर्ने नीतिगत, रणनीतिक तथा कार्यगत सुधारका कदमहरू समावेश भएको समयसारिणी सहितको हुनु पर्नेछ ।

(क) पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यको पहिचान र विश्लेषण,

(ख) नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको काम, कर्तव्य, अधिकार, संगठनात्मक विश्लेषण एवम् सूचना प्रविधि प्रणालीको विश्लेषण गर्दै नेप्सेको काम कारवाहीमा पारदर्शिता, स्वच्छता, अनुगमन सुपरिवेक्षण क्षमता, व्यवस्थापकीय क्षमता जस्ता पक्षहरुको पहिचान, विश्लेषण गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र विषयहरु,

(ग) सूचीकृत कम्पनी र धितोपत्र दलालहरुले धितोपत्र कारोबारमा पार्नसक्ने प्रभावहरुको विश्लेषण सहित पूँजी बजारमा लगानीकर्ताको हक र हित संरक्षणको दृष्टिबाट नेप्सेले चाल्नुपर्ने नीतिगत, कानूनी, प्रक्रियागत र प्रविधिगत सुधारहरुको पहिचान,

(घ) नेप्सेको संस्थागत र कार्यगत सुशासनको विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधारका विषय र क्षेत्रहरु।

(ङ) खण्ड (क) देखि (घ) सम्म उल्लेख भएका विषयहरु समेटी प्रत्येक क्षेत्रको विद्यमान अवस्था, विद्यमान व्यवस्था र आगामी दिनमा समयवद्ध रुपमा गर्नुपर्ने सुधारको स्पष्ट खाका सहितको सुझाव कार्यान्वयन कार्ययोजना।

४.२ नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको सङ्गठनात्मक विश्लेषणका सम्बन्धमाः

नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको संगठनात्मक विश्लेषण (Organizational Analysis) मा संगठन संरचना, मानव संसाधन व्यवस्थापन, जोखिम व्यवस्थापन, प्रविधि र सूचना प्रणालीको अवस्था तथा व्यवस्थापन, संस्थागत सुशासन, वित्तीय व्यवस्थापन, तोकिए बमोजिमको काम, कर्तव्य अनुरूप कार्य सञ्चालनको प्रभावकारिता, काम कारवाहीमा पारदर्शिता र स्वच्छता, लगायतका विद्यमान अवस्थाको पहिचान गरी सबल पक्ष, दुर्बल पक्ष एव अवसर तथा चुनौतीहरूको विश्लेषण गरिएको हुनु पर्नेछ।

४.३ व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A४ Size को कागजमा बायाँ १.५ तथा दायाँ, तल र माथि १" Margin राखेर प्रिन्ट गरी तयार गरिएको हुनु पर्नेछ । अंग्रेजी भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Times New Roman फन्टको प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज १६pt bold, उपशीर्षकको फन्ट साइज १४pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज १२pt normal हुनु पर्नेछ । नेपाली भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Unicode (Kalimati) फन्ट को प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज १३pt bold, उपशीर्षकको फन्ट साइज १२pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज ११pt normal हुनु पर्नेछ ।

४.४ व्यावसायिक कार्ययोजनाको मूल अन्तर्वस्तु (Main Text) को पहिलो पृष्ठ 'पृष्ठ १' हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनु पर्नेछ ।

४.५ व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरूमा रोमन अङ्क '१' देखि सुरु हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनुपर्नेछ।

४.६ दरखास्तसाथ पेश गरिएको व्यावसायिक कार्ययोजना दफा ६ को उपदफा (६.२) बमोजिम संक्षिप्तसूची (Shortlist) मा छनौट भएका उम्मेदवारहरूले तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

४.७ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, पेशागत अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरूको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ ।

**५. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभारः**

५.१ उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार तथा अङ्कभार विभाजन तपसिल बमोजिम कायम हुनेछः

| | | |
|---|---|---|
| (क) | व्यावसायिक कार्ययोजना | ४० अङ्क |
| (ख) | शैक्षिक योग्यता | १२ अङ्क |
| (ग) | व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | १८ अङ्क |
| (घ) | अन्तर्वार्ता | ३० अङ्क |
| जम्मा | | १०० अङ्क |

**५.२ व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः**

| | | |
|---|---|---|
| (क) | पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यको पहिचान र विश्लेषण, | ७ अङ्क |
| (ख) | नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको काम कर्तव्य अधिकार. संगठनात्मक विश्लेषण एवम् सूचना प्रविधि प्रणालीको विश्लेषण | ६ अङ्क |
| (ग) | नेप्सेको काम कारवाहीमा पारदर्शिता, स्वच्छता, अनुगमन सुपरिवेक्षण क्षमता, व्यवस्थापकीय क्षमता जस्ता पक्षहरुको पहिचान, विश्लेषण गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र विषयहरुको पहिचान | ६ अङ्क |
| (घ) | लगानीकर्ताको हक र हित संरक्षणको दृष्टिबाट नेप्सेले चाल्नुपर्ने नीतिगत, कानूनी, प्रक्रियागत र प्रविधिगत सुधारहरुको पहिचान, | ८ अङ्क |
| (ङ) | नेप्सेको संस्थागत र कार्यगत सुशासनको विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधार | ६ अङ्क |
| (च) | सुझाव कार्यान्वयन कार्ययोजना | ७ अङ्क |

**५.३ शैक्षिक योग्यताको अङ्कभार विभाजनः**

| | | |
|---|---|---|
| (क) | स्नातकोत्तर | ९ अङ्क |
| (ख) | विद्यावारिधिमा थप | ३ अङ्क |

**५.४ व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः**

| | | |
|---|---|---|
| (क) | प्रस्तुतीको ढाँचा र विधि | ३ अङ्क |
| (ख) | प्रस्तुतीकरणको शैली | ३ अङ्क |
| (ग) | अन्तर्वस्तुका सम्बन्धमा स्पष्टता | ५ अङ्क |
| (घ) | समयको व्यवस्थापन | २ अङ्क |
| (ङ) | अन्तरक्रिया | ५ अङ्क |

**५.५ अन्तर्वार्ता मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजनः**

| | | |
|---|---|---|
| (क) | नेतृत्व क्षमता (व्यक्तित्व, आत्मविश्वास, समस्या समाधान गर्न सक्ने क्षमता, तार्किकता, सृजनशीलता इत्यादि) | १० अङ्क |
| (ख) | विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता तथा प्रतिबद्धता | १० अङ्क |
| (ग) | उठान गरिएका विषय सम्बोधन गर्न सक्ने क्षमता | १० अङ्क |

**६. उम्मेदवार छनौटका आधार एवम् प्रक्रियाः**

उम्मेदवार छनौटका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

६.१ सिफारिस समितिले सर्वप्रथम तोकिए बमोजिमको योग्यता र अनुभव भएका आवेदकहरूले दरखास्तसाथ पेश गरेको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्नेछ। परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना बापतको प्राप्ताङ्क गणना गरिनेछ।

६.२ तोकिए बमोजिमको योग्यता र पेशागत अनुभव भएका आवेदकहरूको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क तथा पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (६.१) बमोजिमको प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारहरूको संक्षिप्तसूची (Shortlist) तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

६.३ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि छनौटमा परेका आवेदकहरूले तोकिएको मिति र समयमा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि तीस मिनेट समय प्रदान गरिने छ। तोकिएको मिति र समयमा अन्तर्वार्तामा उपस्थित नहुने उम्मेदवारलाई पुन: अन्तर्वार्तामा सामेल गराइने छैन।

६.४ उपदफा (६.२) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनौट भई व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरूको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क, पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (६.१) बमोजिमको औषत प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको औसत प्राप्ताङ्क तथा अन्तर्वार्तामा प्राप्त औसत प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरूको नाम वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

६.५ तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत् राखी थप आबेदनको लागि सात दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ।

६.६ पुनः दरखास्त आह्वान गर्दा थप आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ।

६.७ यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा सिफारिस समितिले त्यस्तो वाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

**७. परामर्श लिन सक्नेः**

सिफारिस समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेको व्यक्ति वा निकायसंग परामर्श लिन वा विज्ञको सेवा लिन सक्नेछ।

**८. सचिवालयः**

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले सिफारिस समितिको सचिवालयको रूपमा काम गर्नेछ।